Received Date: April 2022 Revised: May 2022 Accepted: June 2022

# विद्यार्थी राजनीतिमा छात्रा सहभागिताको अवस्था

**शकुन्तला त्रिपाठी**
समाजशास्त्र विभाग, पाटन संयुक्त क्याम्पस
Email : tripathishakuntala6@gmail.com

**सारसंक्षेप**

*"विद्यार्थी राजनीतिमा छात्रा सहभागिताको अवस्था" शीर्षकको प्रस्तुतलेखको मुख्य उद्देश्य क्याम्पस तहको विद्यार्थी राजनीतिमा छात्रा सहभागिताको अवस्थाका बारेमा अध्ययन गर्नु । क्याम्पसका इकाईहरूमा छात्रा सहभागिताको भूमिका बारेमा बर्णन गर्नु । प्रस्तुत शोध अध्ययनबाट अन्तवार्ता विधिबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण गर्न वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययन काठमाडौँ जिल्ला भित्र रहेका त्रि.वि.का आंगिक ९ वटा क्याम्पसहरूलाई अध्ययनमा छनौट गरी उद्देश्यमूलक नमुना छनौटका आधारमा ने.वि.संघ, अनेरास्ववियू, अखिल क्रान्तिकारी विद्यार्थी संघ संगठनका इकाइ समितिमा रहेका छात्रा विद्यार्थीहरूलाई उदेश्यमुलक नमुना छनौट गरिएको छ । नमुना छनौटमा परेका छात्राहरूबाट आवश्यक तथ्याङ्क संकलन अन्तवार्ता प्रश्नावली तयार गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । सम्बन्धित विद्यार्थी राजनीतिक अभिलेखहरूको पुनरावलोकन गरी सहायक/द्वितीय तथ्याङ्क संकलन गरी गुणात्मक तरिकाबाट विश्लेषण गरिएको छ । राजनैतिक कार्यक्रममा छात्रा भन्दा छात्रहरू सक्रिय हुने क्याम्पस तहको विद्यार्थी राजनीतिमा छात्राहरूले समय दिन नसक्ने, छात्राहरूलाई आर्थिक, सामाजिक, नैतिक र पारिवारिक समस्याले राजनीतिमा बाधा अवरोध पुर्याउने गरेको पाइयो । छात्राहरूलाई पारिवारिक समर्थन नहुनु, इकाइमा समानजनक पद नदिनु, छात्राहरूलाई राजनीतिक जिम्मेवारी नदिनु, विश्वास नगर्नु, छात्राहरूलाई राजनीतिक सुरक्षा नहुनु, चरित्र हत्या गर्नु, छात्राहरूको प्रस्तावलाई निर्णय गरेर कार्यान्वियन नगर्नु आदि कारणले विद्यार्थी राजनीतिमा छात्राहरूको सहभागितामा कम भएको छ ।*

**मुख्य शब्दहरूः** छात्रा राजनीति, निर्णय प्रक्रिया, सहभागिता, जिम्मेवारी र इकाइ समिति

## परिचय

राजनीतिक समाजशास्त्रले मानिसको आफ्ना हित परिपूर्तिको आकांक्षा कसरी राख्दछ र यो कसरी उत्पन्न हुन्छ भन्ने जस्ता परिवेशको अध्ययन गर्दछ । सामान्य अर्थमा समाजको कुनै पनि कुराको समर्थन गर्नु वा विरोध गर्नु नै राजनीति भनेर बुझिन्छ । राजनीति कुनै निश्चित वादमा सिमित छैन । अनेक आस्था, विचार, लक्ष्य विश्वास, बाटा र गन्तव्यहरूमा फैलिएको छ राजनीति अनि यी अनेक थरीका अनेकौ खाले द्वन्द्वहरूबाट सञ्चालित हुन्छ । राजनीति भनेको राज्यको नीति हो (रुपान्तरण, २०७२) ।

## विभिन्न राष्ट्रहरूमा विद्यार्थी राजनीति तथा आन्दोलन

विद्यार्थीहरूले शिक्षा आर्जन गर्ने कुनै शिक्षालय विशेषमा आफ्ना वर्गीय हितका खातिर संगठित भई गर्ने गतिविधिको विकसित र विस्तारित रूपनै विद्यार्थी राजनीति हो । विद्यालय वा महाविद्यालयभित्र अनुभव गरेका समस्याहरूको समाधानको लागि विद्यार्थी राजनीतिक प्रेरक हो । विद्यार्थी राजनीतिको क्षेत्र असिमित हुन्छ । नयाँ चिन्तन र सोचको पक्षपाती हुन्छ । आफ्नो व्यक्तिगत स्वार्थभन्दा समाज, राष्ट्र र मानवताका निम्ति समर्पित हुन्छ । विद्यालय र महाविद्यालयमा शिक्षा आर्जन गरिरहेका

सामान्यतया एकै उमेर समूहका नवयुवकहरू संगठिन भई आफ्नो वर्ग समाज वा राष्ट्र हितका निम्ति गरिने संघर्षका बहुआयामिक प्रभाव र परिमाणलाई विद्यार्थी राजनीति भनिन्छ । जनताका शान्ति सुरक्षा कायम गर्ने मौलिक अधिकारहरूको कदर गर्ने, राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिको उपयुक्त सन्तुलन कायम गर्ने र राज्यको शासन व्यवस्था सम्बन्धी नीति निर्धारण गर्ने सामाजिक सिद्धान्तलाई नै राजनीति भनिन्छ । (पाण्डे, २०६८)

इटालीमा विद्यार्थीहरूले सर्वप्रथम विद्यार्थी आन्दोलन र विद्यार्थी संगठन जस्ता कार्यको सुरूवात गरेको देखिन्छ। तेह्रौ शताब्दीमा इटालीको बोलोग्ना विश्वविद्यालयका विद्यार्थीहरूले गरेको आन्दोलनले त्यहाँको समाज र चलिआएका सामाजिक मान्यताहरूमाथि नै परिवर्तनको बलियो धक्का दिएको थियो । यसरी इटालीबाट सुरू भएको विद्यार्थी संगठन र आन्दोलनको हावा फ्रान्स, जर्मनी, इंगल्याण्ड आदि युरोयिन महाद्विपका देशहरूमा पनि सिर्सिन्याउन थाल्यो । त्यसपछि अमेरिका, अफ्रिका एसिया महादेशहरूमा समेत विद्यार्थीहरूमा नवजगारण सन्देश फैलिन थाल्यो । विशेष गरी एसियन र अफ्रिकन राज्यहरूमा उपनिवेश विरोधी संघर्षको मुख्य बाहक विद्यार्थीहरू नै हुन पुगे । सन् १९४८ मा जर्मनी र अस्ट्रेलियामा भएको विद्यार्थी आन्दोलन होस या रूसमा जारी शाही शासन समाप्तिको आन्दोलन होस् विद्यार्थीहरूको भूमिका उल्लेखनीय रह्यो (Terry, 1972)।

विद्यार्थी आन्दोलनका शक्तिशाली प्रदर्शनहरूले सन् १९५५ अर्जेन्टिनामा ह्वा परोनलाई फाल्न सन् १९५८ मा भेनजुयलामा पेरेज जिमेञ्जलाई हटाउन सन् १९६० मा जापानमा अमेरिकी जापानी सन्धीको विरोध गरेर किसि सरकारलाई राजीनामा दिलाउन सन् १९६६ मा इण्डोनेसियामा सुकार्ना विरोधी आन्दोलन चलाउन भारतमा महात्मा गान्धीले नेतृत्व गरेको आजादीको सत्याग्रह आन्दोलन सफल पार्न पोल्याण्डमा सन् १९५८ मा स्वतन्त्रताका लागि भएको अक्टोवर प्रदर्शन सन् १९६६ मा भएको हङ्गेरियन क्रान्ति सन् १९६८ मा चेकोस्लाभियामा भएको स्वाधिनताको आन्दोलनमा विद्यार्थीहरूको मुख्य भूमिका रहेको थियो (Terry, 1972) .

**नेपालमा विद्यार्थी राजनीति**

नेपालको विद्यार्थी राजनीतिको मुख्य विशेषता भनेको प्रारम्भदेखि आजसम्म यसको गति सकारात्मक र रचनात्मक रहेको छ । नेपालको विद्यार्थी राजनीति सामान्यतया जनपक्षीय छ । प्रजातान्त्रिक छ, न्याय र समानताको प्रवक्ता जतिकै छ । निरङ्कुशहरू यसको तागतसँग सधै झुकेकै छन् । नेपालको विद्यार्थी आन्दोलन लोभी र लालची बनी सम्झौतामा पुगेको छैन । जस्तै कठिन परिस्थितिमा पनि स्वाभिमानको लडाइँ लडेको छ, विद्यार्थीहरूको आस्था र विश्वासको धरोहर बनेको छ । राजनीतिक दलहरूको अनुपस्थितिमा जनताको आवाज मुखरित गर्न सक्षम समेत भएको छ । (पाण्डे, २०६८)

नेपालमा विद्यार्थी राजनीतिको इतिहासलाई अध्ययन गर्ने हो भने नेपालको सिङ्गो प्रजातान्त्रिक आन्दोलनको इतिहासलाई नै पल्टाउनु पर्ने हुन्छ । 'भारत छोडो' आन्दोलनमा नेपाली विद्यार्थीहरू वि.पि.कोइराला लगायतको सक्रिय सहभागिता, वि.स.२००३ को कृष्णप्रसाद भट्टराईको सक्रियतामा गठित छात्र संघ, वि.स. २००४ को जयतु संस्कृतम आन्दोलन, वि.स. २०३६ को जनमत संग्रहदेखि वि.स. २०४६ को जनआन्दोलन हुँदै वि.स.२०६२/०६३ को ऐतिहासिक जनआन्दोलनमा नेपाली युवा विद्यार्थीहरूको अग्रणी भूमिका रहेको इतिहास ताजै छ । विद्यार्थी राजनीतिलाई नयाँ भूमिका नयाँ कार्यक्रम र नयाँ परिभाषामा बदल्नुपर्छ । अराजक गतिविधि र खाली राजनीतिक क्रियाकलाप मात्र नगरि शैक्षिक गतिविधि, रचनात्मक भूमिका र सामाजिक क्रियाकलापमा मुख्य ध्यानकेन्द्रित हुनुपर्छ । वर्तमान समयमा युवा विद्यार्थीहरू वैज्ञानिक ढङ्गबाट अगाडि बढ्नुपर्छ । विद्यार्थी संगठनको काम खाली नारा, जुलुस, ढुङ्गा, मुढा, टायरबाल्ने, चक्काजाम गर्ने, तोडफोड र तालाबन्दी गर्ने मात्र होइन, नयाँ विचार नयाँ सिर्जना र समाजमा चेतना साथै सन्देशमूलक काम गर्नु हो । यसरी समय सापेक्ष रुपान्तरण हुन सक्नु नै विद्यार्थी राजनीति नयाँ नेपालको उदाहरण बन्नु हो (शाही, २०६९) ।

वि.स. २००७ सालको जनक्रान्ति वि.स. २०१४ साल भाद्र अवज्ञा आन्दोलन हुँदै वि.स. २०१७ सम्म आइपुग्दा नेपालको राजतन्त्रवादी विद्यार्थीहरूको सक्रियता उल्लेखनीय रहेको पाइयो । वि.स. २०१७ साल पुष १ मा राजा महेन्द्रले लादेको पञ्चायती व्यवस्थालाई कालो झण्डा देखाएर संगठित विरोध गर्न सक्ने साहस, राजा महेन्द्र चढेको जिपमा बम प्रहार गर्ने हिम्मत, सशस्त्र एवम् शान्तिपूर्ण संघर्षको विभिन्न कार्यक्रम दिनसक्ने क्षमता पनि मूलतः नेपालका प्रजाताात्रवादी विद्यार्थीहरूमा नै थियो । नेपालमा विद्यार्थीहरूले जयतु संस्कृतम वि.स. २००४ नेपाल छात्र संघ, नेपाल राष्ट्रिय विद्यार्थी फेडेरेशन, नेपाल विद्यार्थी एसोसिएसन आदि संगठनद्वारा आन्दोलन गर्दै अगाडि बढिरहेको अवस्थामा नेपालमा पञ्चायत व्यवस्था लागु भइरहेको अवस्थामा विद्यार्थी बीच विभाजन भएर बामपन्थी समर्थक विद्यार्थीहरूले वि.स. २०२२ साल वैशाख ५ गते औपचारिक रुपमा अखिल नेपाल विद्यार्थी संगठन स्थापना गरी अगाडि बढेको पाइन्छ । नेपालको प्रजातन्त्रमा आस्थावान विद्यार्थीहरूको सक्रियतामा नेपाली काँगेसका संस्थापक नेता श्री कृष्णप्रसाद भट्टराईले वि.स. २०२७ साल बैशाख ६ गते नेपाल विद्यार्थी संघको स्थापना राजनीतिक विकासक्रम, परिवर्तन एवम् शैक्षिक उन्नयनका लागि निरन्तर आन्दोलनरत तथा लोकतान्त्रिक आधार प्राप्तिका रुपमा परिचित छ । यस संगठनसँग विद्यार्थी हक हित र समग्रमा लोकतान्त्रिक अधिकार प्राप्तिका लागि निरंकुश शासक र अतिकेन्द्रिकृत सामान्ती राज्यसंयन्त्रको अन्त्यका लागि संघर्ष गर्नुको कुन विकल्प मानिदैन (अधिकारी, १९९८) ।

विद्यार्थी राजनीति आफैमा बुद्धिजिवीहरूको राजनीति हो । नेपालमा विद्यार्थी राजनीतिको इतिहासलाई अध्ययन गर्ने हो भने नेपालको सिङ्गो प्रजातान्त्रिक आन्दोलनको इतिहासमा 'भारत छोडो' आन्दोलनमा नेपाली विद्यार्थीहरू वि.पि.कोइराला लगायतको सक्रिय सहभागिता, वि.स.२००३ को कृष्णप्रसाद भट्टराईको सक्रियतामा गठित छात्र संघ, वि.स. २००४ को जयतु संस्कृतम आन्दोलन, वि.स. २०३६ को जनमत संग्रहदेखि वि.स. २०४६ को जनआन्दोलन हुँदै वि.स.२०६२÷०६३ को ऐतिहासिक जनआन्दोलनमा नेपाली युवा विद्यार्थीहरूको अग्रणी भूमिका रहेको इतिहास ताजै छ । (अधिकारी, १९९८) ।

**विद्यार्थी राजनीतिमा छात्रा सहभागिता**

राजनीतिमा महिलाहरूको सहभागिता सम्बन्धी कुरा गर्नुपर्दा विश्वका धैरै महिलाहरूले सामाजिक कुरिती र अन्धविश्वास, लिङ्गप्रति हुने भेदभाव र देशलाई नयाँ दिशामा लैजानका लागि महत्वपूर्ण भूमिका निभाएर आन्दोलन गर्दै विभिन्न तह र तप्कामा रहेर काम गरेको पाइन्छ । जस्तैः जर्मनीकी नेतृ क्लारा जेटकिन उनी विश्व महिलामुक्तिको आवाज लिएर पहिलोपटक आन्दोलनमा आउने समाजवादी नेतृ पर्दछिन । सदियौँ देखि विश्वका महिलाहरूले सहदै आएका उत्पीडन, दमन, शोषणका विरूद्ध पहिलोपटक बोल्ने योद्धा महिला हुन् । ८ मार्च सन् १८८९ मा पेरिसमा श्रमिक महिलाहरूको अन्तराष्ट्रिय सम्मेलनमा सहभागी भई विश्व सम्मेलनमा जेटकिनले महिलाहरूको समान अधिकारको माग गरिन भने सन् १९१० मा दोस्रो सम्मेलन हुँदा र ८ मार्चलाई अन्तराष्ट्रिय श्रमिक महिला दिवसका रूपमा बनाउने प्रस्ताव राखिन् । उक्त प्रस्ताव सर्वसम्मत रूपमा पारित गरियो । त्यसपछि प्रत्येक वर्ष ८ मार्चलाई विश्व श्रमिक महिला दिवस मनाउन थालियो । यसरी समान कामको समान ज्याला समान रोजगार र अवसरको नारा लिएर महिला अधिकारका लागि लड्ने विश्वकै पहिलो महिला नेतृ क्यालारा जेटकिन हुन् । (अधिकारी,२०६६) ।

नेपालको महिला राजनीति पल्टाएर हेर्नुपर्दा केही औलामा गन्न सकिने महिलाहरू विभिन्न घरपरिवार र समाजका कुरिती र अन्धविश्वासहरूसँग संघर्ष गर्दै राणाशासन विरूद्ध लड्ने महिलाहरू जस्तै नेपाली महिला मुक्ति आन्दोलनकी जन्मदाता योगमायालाई विद्रोही महिलाका रूपमा लिन सकिन्छ । उनीले समाजमा रहेको कुसंस्कार फालेर राणा शासनको अन्त्य चाहन्थिन । राणा शासनको विरूद्ध अन्याय, अत्याचार, दमन, शोषणलाई जरैदेखि उखेलेर फाल्न चाहन्थिन । तर राणाहरूले उनको कुरा सुनेनन कयौँ पटक जेल नेल भोगेका संघर्षशील योगमायाले सन् १९४१ मा उनीसहित ३८ जना महिलाले अरूण नदीमा हाम फालेर जीवन अर्पण गरिन् (कार्की, २०६९) ।

नेपालको राजनीतिमा महिला सहभागिता र सक्रियतालाई भन्नुपर्दा राणाशासन विरूद्ध सक्रिय भएर लागेका योगमायादेवी, दिव्या कोइराला, मंगलादेवी सिंह, नोना कोइराला साहना प्रधान, चन्द्रकान्ता, लक्ष्मीदेवी, तुलजा शर्मा, मेलवा देव, द्वारिका देवी ठकुरानी र शैलजा आचार्य आदि अग्रणी महिलाहरूले संघर्ष सँगसँगै राष्ट्र निर्माणका नयाँ नयाँ चुनौतिहरूलाई समेत आत्मसात गर्नुपरेको इतिहासले बताउँछ । नेपालको राजनीतिक नेतृत्वको कुरा गर्नुपर्दा द्वारिकादेवीलाई प्रजातान्त्रिक मुलुकको पहिलो महिला मन्त्री हुने शौभाग्य मिल्यो । वि.स. २०१६ साल जेठ १३ गते गठित वि.पि. कोइरालाको मन्त्री मण्डलमा नेपाली काँग्रेस पार्टीको प्रतिनिधित्व गर्दै उनी मन्त्रीमण्डलमा स्वास्थ्य सहायक मन्त्री भएकी थिइन भने पछि परिवार नियोजन संघको अध्यक्ष सम्म बनेकी थिइन् । साथै वि.स. २०१८/१९ सालतिर सुवर्ण शमशेरले बन्दुक उठाएको बेला द्वारिका देवीले पनि देश, जनता र प्रजातन्त्रका लागि बन्दुक उठाइन । यसैगरी नेपाल कम्युनिष्ट पार्टी एमालेको नेत्री साहना प्रधान सन् १९९२ सालको संसदीय निर्वाचनमा काठमाडौँ क्षेत्र नं. ८ बाट विजयी भई उद्योगमन्त्री बनिन् । उनी मन्त्री हुँदा ८१ औँ अन्तराष्ट्रिय श्रमिक महिला दिवस पारेर स्वीडेन गएर महिलामुक्तिको भाषण गरिन । यसरी सन् १९९४ मा उनी फेरी महिला तथा बालबालिका मन्त्री भईन जब वि.स. २०६२/०६३ को जनआन्दोलनबाट नेपालमा लोकतन्त्र आयो । त्यसपछि सन् २००७ मा बनेको अन्तरिम सरकारमा परराष्ट्र मन्त्री भईन । जीवनभर राजनीति गरेर महिला मुक्तिको आवाजलाई बुलन्द गर्दै देश र जनताको लागि निरन्तर लडिरहिन् । विद्यार्थी जीवनदेखि नै राजनीति गर्दै अगाडि बढिरहेकी नेतृ शैलजा आचार्यको मुलुकमा प्रजातन्त्र स्थापनामा ठूलो योगदान रहेको छ । वि.स. २०१७ साल फागुन ७ गतेका दिन प्रजातन्त्र दिवसका अवसरमा काठमाडौँको टुँडिखेलमा राजा महेन्द्रको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा शैलजा आचार्य र नोना कोइरालाले बडो कुशलतापूर्वक सयौँ विद्यार्थीहरूलाई कालो रिवन र कपडा सहित कार्यक्रममा प्रवेश गराउनु भयो । (कार्की,२०६९)

प्रहरीले शैलजा सहित विद्यार्थीहरूलाई घिसार्दै बुटले हान्दै अत्यन्तै निर्ममता पूर्वक गिरफ्तार गरी शैलजा आचार्य, सरोज प्रधान, विजया शर्मा, उमा शर्मा र गौरी राणालाई ३ वर्षसम्म जेलमा राख्ने काम भयो । यसरी संघर्ष गर्दै अगाडि बढिरहँदा पटक पटक गरी ५ वर्ष जति जेलको यातना शैलजा आचार्यले बेहोर्नु भएको थियो । नेपाली काँग्रेसको नवौँ महाधिवेशन पश्चात केही वर्षसम्म पार्टीको उपसभापति पदको जिम्मेवारी सम्हाल्नु भएको थियो भने वि.स. २०४८ सालमा सम्पन्न आम निर्वाचनमा मोरङ क्षेत्र नं. ५ बाट विजय भएर उहाँ गिरीजाप्रसाद कोइरालाको नेतृत्वमा गठित मन्त्रीपरिषद्मा कृषि मन्त्री रहनु भएको थियो । साथै वि.स. २०५१ सालको प्रतिनिधि सभाको लागि भएका मध्यावधि निर्वाचनमा पनि उक्त क्षेत्रबाट नै निर्वाचित भई वि.स. २०५५ मा कोइरालाकै नेतृत्वको सरकारमा आचार्यले नेपालको प्रथम महिला उपप्रधानमन्त्रीको हैसियतले जलस्रोत मन्त्रालय सम्हाल्नु भएको थियो (सापकोटा, २०६५) ।

यसरी नेपालको पितृसत्तात्मक अवस्थामा पनि संघर्षशील महिलाहरूले विभिन्न पार्टीमा विभिन्न तह र तप्कामा बसेर काम गर्नुभएको थियो जसका कारण वर्तमान अवस्थामा पनि संघर्ष गर्दै ३३ प्रतिशत महिलाको आरक्षण सिट सुरक्षित भएकोमा गर्व गर्नुपर्छ । महिलाहरू विद्यार्थी जीवनदेखि संघर्ष गरेर बाटो देखाउने मंगलादेवी सिंह साथै हाल पार्टी पदाधिकारी र मन्त्रालय सम्हाल्नु भएको नेतृहरू विद्यादेवी भण्डारी, चित्रलेखा यादव, राधा ज्ञवाली, सुजाता कोइराला, सीतादेवी यादव,पम्फा भुसाल,रेणुदेवि यादव,उमा रेग्मि र रामकुमारी झाक्रीका साथ सयौँ महिलाहरू संविधान सांसद रहेको पाइन्छ । नेपालको राजनीतिक विकासक्रम बढ्दै जाँदा महिलाहरू पनि राजनीतिक सहभागितामा बढ्दो रूपमा लागेको पाइन्छ । (कार्की २०७०)

विद्यार्थी राजनीतिमा छात्राहरूको झुकाव, आस्था वा रुचि नै छात्रा सहभागिता कहलाउँछ । विद्यार्थी छात्रा नेताहरूको छनौट, नीति निर्माण र कार्यान्वयनमा प्रभाव पार्ने, क्याम्पसमा राम्रो र नियमित पढाइ हुनुपर्ने, शौचालयको व्यवस्था राम्रो पानीको व्यवस्था हुनुपर्ने भनि प्रशासनमा दवाव दिनु छात्राहरूको सामुहिक प्रयास नै विद्यार्थी राजनीतिमा छात्रा सहभागिता हो । छात्राहरू राजनीतिक पद्धतिप्रति सचेत भई त्यसको आगत, निर्गत कार्य प्रति उन्मुखता देखाउनु आफ्नो अधिकार र कर्तव्य प्रति सचेत भई विद्यार्थी राजनीतिक क्रियाकलापमा संलग्न हुनु नै विद्यार्थी राजनीतिमा छात्रा सहभागिता हो । छात्राहरूको समावेश

नभएमा राजनीतिक एक अपुरा अस्पष्ट हुने हुँदा छात्रा सहभागिता राजनीतिमा एक अपरिहार्य विषयवस्तुको रुपमा मानिन्छ । छात्राहरूको सहभागिता भन्नाले नीति निर्माणका क्षेत्रमा छात्राको सहभागितालाई जनाउँछ तसर्थ छात्राहरूको शरीरको उपस्थितिलाई मात्र सहभागिता नठानी छात्रा सहभागिताले कुनै पनि विषयको निर्णय प्रक्रियामा छात्राहरूको विचार, धारणा र सोचले प्रभाव पार्‍यो पारेन विद्यार्थी पक्षीय नीति बनाउन नीतिगत तहमा छात्राहरूको भूमिका के रह्यो भन्ने आधारमा सहभागिताले मापन गर्दछ । छात्राहरू विभिन्न निकायहरूमा जस्तैः आर्थिक, राजनैतिक र सामाजिक आदि क्षेत्रहरूमा प्रतिनिधित्व हुनुपर्ने देखिन्छ (राई, २०६१) ।

वर्तमान समयमा नेपालको मुख्य पद राष्ट्रपतिमा विद्यादेवी भण्डारी र सभामुखमा ओनसरी घर्ती आदिले देश सम्हाल्न सफल भएका उदाहरणहरू ताजै छ । उनीहरू पनि कुनै समयमा विद्यार्थी राजनीतिको कुनै पदमा बसेर काम गरेकै मानिन्छ । यसरी विद्यार्थी राजनीति र विद्यार्थी आन्दोलनबाट नै छात्रा सहभागितालाई बढाउन सक्यौ भने भोलिको राजनीतिमा महिला सहभागिता सुनिश्चित गर्न सजिलो हुने मानिन्छ । हाम्रो देशको सामाजिक रितिरिवाज चालचलन, धर्म संस्कृतिले हाम्रो मानसिकतालाई नराम्ररी गाँजेको छ । जहाँ हामीले चाहेर पनि एकै पटक परिवर्तन ल्याउन सक्दैनौ । यसका लागि क्रमिक परिवर्तनको जरूरत छ । यी सबै परिवर्तनको लागि महिला सचेत सशक्त र शिक्षित हुन जरूरी छ । समाजमा व्याप्त भेदभावपूर्ण कार्यक्रमहरू हुन्छ । जन्मेदेखि पालनपोषण सम्पत्ति, शिक्षा, नागरिकता आदिमा भेदभाव हुने गर्दछ । यही भेदभावमूलक व्यवस्थाको अन्त्यका लागि महिलाको सहभागिता हरेक क्षेत्रको नीति निर्माण देखि निर्णय तहसम्म बढाउँनु पर्ने आवश्यकता देखिन्छ ।

**उद्देश्यहरू**

१. विद्यार्थी राजनीतिमा छात्रा सहभागिताको अवस्थाका बारेमा अध्ययन गर्नु ।

२. क्याम्पसका इकाईहरूमा छात्रा सहभागिताको भूमिका बारेमा बर्णन गर्नु ।

**महत्त्व**

यस लेखले राजनीतिमा महिला सहभागिताको अवस्था बढाउन सहयोग गर्नेछ ।नेपालको राजनैतिक पार्टीमा राज्यले दिइएको ३३ प्रतिशत आरक्षणमा अनिवार्य महिला सहभागिता गराउनुपर्ने नियम कानुन भए पनि काँग्रेस, एमाले, एकीकृत माओवादी पार्टीहरूको हरेक इकाइका समितिहरूमा महिला सहभागिताकोअवस्था कमजोर रहेको देखिन्छ । ती पार्टीका भातृ संघ संगठनमा विद्यार्थी राजनीति देखि नै छात्रा सहभागितामा वृद्धि गराउनुपर्ने आवश्यक देखिन्छ । सामाजिक, आर्थिक धार्मिक, पारिवारिक, भौगोलिक, नैतिक र शैक्षिक रुपमा यस लेखले विशेष गरेर राजनीतिमा इच्छाशक्ति भएका तर खुलेर विद्यार्थी राजनीतिमा आउन नसकेका छात्राहरूका लागि थप सहयोग गर्दछ । विद्यार्थी छात्राहरूलाई राजनैतिक क्रियाकलापमा सहभागी भई आफ्नो जिम्मेवारी बहन गर्नुपर्ने बोध गराउँछ भने विद्यार्थी संघ संगठनले पनि छात्रा सहभागिता वृद्धिमा सहयोग गर्दा क्याम्पस इकाइ समितिको क्रियाकलापमा अराजकता कम भई इकाई समिति स्वच्छनीय ढङ्गबाट सञ्चालन हुने सहयोग देखिन्छ ।

## अनुसन्धान विधि

यस ढाँचामा व्याख्या, विश्लेषण, अन्तर्वार्ता, अवलोकन, छलफल विधि आदि रहेको छ । यस अनुसन्धानको लागि खोजकर्ता आफै अध्ययन क्षेत्रमा पुगी नमुना छनोटमा परेका क्याम्पसका संघ संगठनको इकाइमा रहेका छात्राहरूबाट आवश्यक सूचना प्राप्त गरेको छ, साथै तथ्याङ्क संकलनमा प्राथमिक स्रोत र सहायक स्रोत दुवै स्रोतलाई लिएको छ । यो लेखविशेष गरेर वर्णनात्मक ढाँचामा आधारीत रहेको छ । जसमा काठमाडौ जिल्लाभित्र रहेका क्याम्पसहरू मध्ये त्रिभुवन विश्वविद्यालयका (त्रि.वि.) आंगिक क्याम्पसहरू १८ वटा मध्ये प्रतिनिधि मूलक ९ वटा क्याम्पस सम्भावनामा आधारित उदेश्यमुलक विधिबाट छनँौट गरिएको छ जसमा छात्र र छात्रा दुबै रहेको इकाइ समितिको अध्ययन गर्नुपर्ने हुँदा यस अध्ययनमा श्री पद्म कन्या क्याम्पसलाई समावेश गर्न सकिएको छैन् । यस अध्ययन कार्यमा प्राथमिक स्रोतका तथ्याङ्कहरू संकलनमा नै बढी जोड

दिइएको छर तथ्याङ्कको सहायक स्रोतको रूपमा विद्यार्थी राजनीति सम्बन्धी प्रकाशित पुस्तक, पत्रपत्रिका, लेख, रचना, प्रतिवेदन, छात्रा क्याम्पस विद्यार्थी इकाई समितिका विवरण र सहभागिताका तथ्याङ्क आदिरहेका छन् ।विद्यार्थीहरूको क्याम्पस इकाई समिति पुरा रहेको र अन्र्तवार्तामा सहभागिता भएका,ने.वि.संघ,अनेरास्ववियू र अखिल क्रान्तिकारीको क्याम्पस इकाइ समितिमा रहेका छात्राहरू ने.वि.संघमा १९ जना, अनेरास्ववियूमा २३ जना र अखिल क्रान्तिकारीमा १८ जना गरी जम्मा ६० जना उत्तदाताहरू अन्तर्वार्ताको छनौट गरिएको थियो । सम्बन्धित उत्तरदाताबाट प्राप्त तथ्याङ्क सूचनाको व्याख्या, विश्लेषण र तुलना गरी प्रस्तुत गरिएको छ ।

**विद्यार्थी राजनीतिमा छात्रा सहभागिताको अवस्था**

**१. छनोट क्याम्पसका इकाइ समिति विवरण**

यस अध्ययनमा काठमाडौँ जिल्ला भित्र रहेको त्रि.वि. अन्तर्गतका ९ वटा आंगिक क्याम्पसहरूमा विद्यार्थी संघ संगठन ने.वि.संघ, अनेरावस्वयूवि र अखिल क्रान्तिकारीका क्याम्पस इकाइमा रहेका जम्मा इकाइ समितिको विवरणहरू तलको तालिकामा क्याम्पसअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. : १ छनौट क्याम्पसका इकाइ समिति विवरण**

| क्र.सं. | क्याम्पस | ने.वि. संघ | प्रतिशत | अनेरास्ववियू | प्रतिशत | अखिल क्रान्तिकारी | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल ल क्याम्पस | ३१ | २९.५ | ३९ | ३७.१ | ३५ | ३३.४ | १०५ | १०० |
| २ | आर.आर क्याम्पस | ३५ | ३०.८ | ३९ | ३४.२ | ४० | ३५.० | ११४ | १०० |
| ३ | शंकरदेव क्याम्पस | ५७ | ५३.२ | १५ | १४.० | ३५ | ३२.८ | १०७ | १०० |
| ४ | त्रिचन्द्र क्याम्पस | १ | १.३ | ३९ | ५२.० | ३५ | ४६.७ | ७५ | १०० |
| ५ | अमृत साइन्स क्याम्पस | ४५ | ३१.५ | ३१ | २१.६ | ६७ | ४६.९ | १४३ | १०० |
| ६ | पब्लिकयुथ क्याम्पस | ६० | ३२.७ | ३९ | २१.१ | ८५ | ४६.२ | १८४ | १०० |
| ७ | सरस्वती क्याम्पस | २९ | ३४.१ | २१ | २४.८ | ३५ | ४१.१ | ८५ | १०० |
| ८ | मिनभवन क्याम्पस | ४१ | ३६.६ | ३४ | २७.९ | ४७ | ३८.५ | १२२ | १०० |
| ९ | महेन्द्ररत्न क्याम्पस | १०० | ६०.६ | ३७ | २२.५ | २८ | १६.९ | १६५ | १०० |
| जम्मा | | ३९९ | | २९४ | | ४०७ | | ११०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

यस तथ्याङ्क अनुसार ने.वि.संघ, अनेरास्ववियू र अखिल क्रान्तिकारी गरि जम्मा ११०० जना विद्यार्थीहरू इकाइमा सहभागीता रहेको पाइन्छ । नेपाल ल क्याम्पसमा ने.वि.संघ ३१ जना (२९.५ %) अनेरास्ववियूमा ३९ जना (३७.१ % ), अखिल क्रान्तिकारी ३५ जना (३३.४% ) जम्मा १०५ जना रहेको छ । आर.आर. क्याम्पसमा ने.वि.संघ ३५ जना (३०.८% ), अनेरास्ववियू ३९ जना (३४.२% ), अखिल क्रान्तिकारी ३५ जना (३५ % ) जम्मा ११४ जना रहेको छ । शंकरदेव क्याम्पसमा

ने.वि.संघ ५७ जना (५३.२% ) अनेरास्ववियू १५ जना (१४.० % ), अखिल क्रान्तिकारी ३५ जना (३२.८ % ) जम्मा १०७ जना रहेको पाइन्छ। त्रिचन्द्र क्याम्पसमा ने.वि. संघ १ जना (१.३ % ), अनेरास्ववियू ३९ जना (५२ % ), अखिल क्रान्तिकारी ३५ जना (४६.७% ) जम्मा ७५ जना रहेको छ। अमृत साइन्स क्याम्पसमा ने.वि.संघ ४५ जना (३१.५% ), अनेरास्वविय ३१ जना (२१.६ %), अखिल क्रान्तिकारी ६७ जना (४६.९५ % ), जम्मा १४३ जना रहेको पाइन्छ। पब्लिकयुथ क्याम्पसमा ने.वि. संघ ६० जना (३२.७% अनेरास्वविय ३९ जना (२१.१ % ) अखिल क्रान्तिकारी ८५ जना (४६.२ % ) जम्मा १८४ जना रहेको छ। सरस्वती क्याम्पसमा ने.वि. संघ २९ जना ३४.१ % ), अनेरास्वविय २१ जना (२४.८ % ), अखिल क्रान्तिकारी ३५ जना (४१.१ % ) गरी जम्मा ८५ जना रहेको पाइन्छ। मिनभवन क्याम्पसमा ने.वि.संघ ४१ जना (३३.६%), अनेरास्वविय ३४ जना (२७.९%), अखिल क्रान्तिकारी ४७ जना (३८.५%) गरी जम्मा १२२ जना रहेको छ। महेन्द्ररत्न क्याम्पसमा ने.वि.संघ १०० जना (६०.६%), अनेरास्वविय ३७ जना (२२.५%), अखिल क्रान्तिकारी २८ जना (१६.९%) गरी जम्मा १६५ जना रहेको पाइन्छ।

**२. क्याम्पस इकाइमा छात्राहरूको विवरण**

यस क्याम्पस इकाइमा रहेका छात्राहरूका विवरण अध्ययन गर्दा ने.वि.संघ, अनेरास्वविय र अखिल क्रान्तिकारी अनुसार नेपाल ल क्याम्पसमा ने.वि.संघ ८ जना (२६.७%) अनेरास्ववियूमा १३ जना (४३.३%), अखिल क्रान्तिकारी ९ जना (३०.०%) जम्मा ३० जना (१००%) रहेको छ। आर.आर. क्याम्पसमाने.वि.संघ ४ जना (२१.०%), अनेरास्वविय ७ जना (३६.९%), अखिल क्रान्तिकारी ८ जना (४२.१%) जम्मा १९ जना (१०० % ) रहेको छ। शंकरदेव क्याम्पसमा ने.वि.संघ ५ जना (४१.७%) अनेरास्वविय ५ जना (४१.७%), अखिल क्रान्तिकारी २ जना (१६.६%) जम्मा १२ जना (१०० %) रहेको पाइन्छ। त्रिचन्द्र क्याम्पसमा अनेरास्वविय ७ जना (५०.०%), अखिल क्रान्तिकारी ७ जना (५०.० %) जम्मा १४ जना (१००%)रहेको छ। अमृत साइन्स क्याम्पसमा ने.वि.संघ ४ जना (११.४%), अनेरास्वविय ९ जना (२५.७%), अखिल क्रान्तिकारी २२ जना (६२.९%), जम्मा ३५ जना (१००%) रहेको पाइन्छ। पब्लिकयुथ क्याम्पसमा ने.वि.संघ ११ जना (२४.४%) अनेरास्वविय ४ जना (८.९%) अखिल क्रान्तिकारी ३० जना (६६.७ %) जम्मा ४५ जना (१००%) रहेको छ। सरस्वती क्याम्पसमा ने.वि. संघ ४ जना १६.७%), अनेरास्वविय ७ जना (२९.१%), अखिल क्रान्तिकारी १३ जना (५४.२%) गरी जम्मा २४ जना (१००%) रहेको पाइन्छ। मिनभवन क्याम्पसमा ने.वि.संघ ९ जना (२९.०%), अनेरास्वविय ९ जना (२९.०%), अखिल क्रान्तिकारी १३ जना (४२.०%) गरी जम्मा ३१ जना (१००%) रहेको छ। महेन्द्ररत्न क्याम्पसमा ने.वि.संघ १३ जना (३७.२%), अनेरास्वविय ११ जना (३१.४%), अखिल क्रान्तिकारी ११ जना ( ३१.४ %) गरी जम्मा ३५ जना (१००%) रहेको पाइन्छ।

**३. क्याम्पस इकाईसमितिमा छात्रा, पदाधिकारी विवरण**

क्याम्पस इकाइमा सहभागी रहेका छात्राहरूमा पदाधिकारीहरूको विवरणलाई अध्ययन गर्दा ने.वि.संघ, अनेरास्वविय र अखिल क्रान्तिकारीको संख्या क्याम्पस अनुसार नेपाल ल क्याम्पसमा ने.वि.संघ १ जना (२०.०%), अनेरास्ववियु २ जना (४०.०%), अखिल क्रान्तिकारी २ जना (४०.०%) गरी जम्मा ५ जना (१००%) रहेको छ। आर.आर क्याम्पसमा ने.वि.स. १ जना (३३.३%) अखिल क्रान्तिकारी १ जना (३३.३%) गरी जम्मा३ जना (१००%) रहेको छ। शंकरदेव क्याम्पसमा अनेरास्ववियु ३ जना (१००%) रहेको छ। त्रिचन्द्र क्याम्पसमा अनेरास्ववियु १ जना (१००%) जम्मा १ जना (१००%) रहेको छ। अमृत साइन्स क्याम्पसमा ने.वि.संघ १ जना (२०.०%) अनेरास्ववियु १ जना (२०.०%) अखिल क्रान्तिकारी ३ जना (६०.०%) गरी जम्मा ५ जना (१००%) रहेको छ। पब्लिकयुथ क्याम्पसमा ने.वि.संघ १ जना (५०.०%) अखिल क्रान्तिकारी १ जना (५०.०%) गरी जम्मा २ जना (१००%) रहेको छ। सरस्वती क्याम्पसमा ने.वि.संघ. १ जना (५०.०%) अनेरास्ववियु १ जना (५०.०%) अखिल क्रान्तिकारी २ जना (१०.०%) रहेको छ। मिनभवन क्याम्पसमा ने.वि. संघ १ जना (२५.०%)

अनेरास्ववियु १ जना (२५.०%) अखिल क्रान्तिकारी २ जना (५०.०%)गरी जम्मा ४ जना (१००%) रहेको छ। साथै महेन्द्ररत्न क्याम्पसमा ने.वि.संघ ३ जना (३७.५%) अनेरास्ववियु २ जना (२५.०%) अखिल क्रान्तिकारी ३ जना (३७.५%) गरी जम्मा ८ जना (१००%) रहेको छ।

**४. संघ, संगठनको पदीय विवरण**

यस अध्ययनमा वर्गीकरण गरिए अनुसार ने.वि.सघ १९ जना (३१.७%), अनेरास्ववियू २३ जना (३८.३ %) र अखिल क्रान्तिकारी १८ जना (३०.०%) जम्मा ६० जना (१००%) रहेको पाइन्छ। संघ र संगठनको इकाइमा रहेका छात्राहरूको विवरणलाई अध्ययन गर्दा अध्यक्षमा २ जना (३.३ %), उपाध्यक्षमा २ जना (३.३ %), सचिव १ जना (१.७%), कोषाध्यक्ष ५ जना (८.३%), सह–सचिव ७ जना (११.७%) र सदस्य ४३ जना (७१.७%) गरी जम्मा ६० जना (१००%) रहेको पाइयो। जसमा सबैभन्दा कम सचिव पद र सबैभन्दा बढी सदस्य पदमा रहेको पाइएको छ भने पदाधिकारीमा धैरै कमछात्राको सहभागिता रहेको पाइन्छ।

**५. विद्यार्थी छात्राहरू राजनीतिमा लाग्ने पे्ररणाको स्रोत विवरण**

छात्राहरू राजनीतिमा लाग्ने प्रेरणा सबभन्दा बढी आफ्नै परिवारबाट २५ जना (४१.७%) रहेको पाइयो। साथीसंगीमा १५ जना (२५.०%) रहेछ भने अन्य त्यस्तै गरी देशमा घटेका राजनीतिक घटनाक्रमले पनि छात्राहरूलाई बढी सक्रिय बनाउनमा मद्दत गरेको पाइन्छ। अन्यमा (समाजिक घटना) १० जना (१६.७%) मा सामाजिक समस्या र आफैमा घटेका घटनाले गर्दा राजनीतिमा लागेको भन्ने उत्तर पाइयो। बहुउत्तर दिनेमा परिवार र साथीहरूबाट ४ जना (६.७%) छन्। नातोगाताबाट ३ जना (५.०%) रहेको छ। परिवार र नातागोतामा १ जना (१.७%) छ  भने सबै भनेर उत्तर दिनेमा २ जना (३.३%) रहेको पाइन्छ।

**६. तपाई सहभागी भएको  संघ संगठनमा छात्र र छात्राको सहभागिताको अवस्था**

छात्रा सहभागिता भएको संगठनमा छात्र र छात्राको सहभागिताको अवस्थामा समान भनेर उत्तर दिनेमा ७ जना (११.७%) रहेका छन्। असमान भनेर उत्तर दिनेमा ४९ जना (८१.७%) पाइयो भने अन्य (ठिकै) र उत्तर भन्न चनाहनेमा २÷२ जना (३.३ %) रहेको छन्। यस अध्ययनमा छात्र र छात्राको सहभागितामा वर्तमान समयमा असमान रहेको पाइयो भने केही थोरै मात्रामा संगठनमा समान रहेको छ।

**७. क्याम्पस इकाइको सांगठनिक काममा सक्रिय हुने विवरण**

तपाईको इकाइमा को बढी सक्रिय हुन्छन् भनेर छात्राहरूलाई प्रश्न गर्दा जम्मा ६० जना उत्तरदाताहरूमा छात्र सक्रिय हुन्छन् भनेर ४८ जना (८०.० %) छात्राहरूले उत्तर दिएका छन् भने छात्रा सक्रिय  भनेर ३ जना (५.० %) ले भनेका छन्। उत्तर भन्न नचाहने ९ जना (१५.० %) ले छात्राहरू, छात्रा र छात्र सक्रिय दुवैलाई भन्न चाहेनन यस तालिकालाई विश्लेषण गर्दा छात्रा भन्दा छात्रा धैरै गुणाले इकाइको काममा सक्रिय रहेको पाइयो भने छात्राहरू धैरै कम मात्रामा काममा सक्रिय रहेको पाइन्छ।

**८. संघ संगठनले आयोजना गरेको कार्यक्रममा छात्राहरूको भूमिका**

छात्राहरूलाई तपाईको संघसंगठनले आयोजना गरेको कार्यक्रममा तपाईको भुमिका कस्तो रहन्छ भनी प्रश्न गर्दा जम्मा ६० जना उत्तरदाताहरूमध्ये सक्रिय भन्नेमा ५६ जना (९३.३ %) रहेका छन्। निस्क्रिय भन्नेमा ४ जना (६.७%) रहेको पाइयो। यस तथ्य अनुसार छात्राहरू संघसंगठनले आयोजना गरेको काममा खुसीका साथ सक्रिय रहेर काम गर्ने बताएको पाइन्छ।

**९. इकाइको बैठकमा छात्रा उपस्थिति विवरण**

इकाइको बैठकमा छात्रा उपस्थिति छ भन्नेमा ४० जना (६६.७%) र छैन भन्नेमा ३ जना (५.० %), कहिलेकाँही भन्नेमा १३ जना (२१.७%) छ भने उल्लेख गर्न नचाहनेमा ४ जना (६.७%) गरी जम्मा ६० जना (१०० %) रहेको पाइयो। यस अध्ययनमा छात्राहरूको भनाइ अनुसार इकाइको बैठक थाहा पाए सम्म नियमित उपस्थिति हुनेको संख्या बढी रहेको पाइन्छ।

**१०. इकाइको बैठकमा छात्राहरूको प्रस्ताव राख्ने विवरण**

इकाइको बैठकमा छात्राहरूले प्रस्ताव राख्ने सम्बन्धमा छात्राहरूले प्रस्ताव राख्ने गरेको छ भनेर उत्तर दिनेमा ३८ जना (६३.३ %) रहेका छन् र छैन भन्नेमा ३ जना (५.० %) छ। कहिलेकाँही भन्नेमा ९ जना (१५.० %) र उल्लेख नगर्नेमा ३ जना (५.० %) छ भने अन्यमा (ठिकै)७ जना (११.५ %) गरी जम्मा ६० जना (१०० %) रहेको पाइयो। यस अध्ययनमा छात्राहरूको भनाइ अनुसार बैठकमा प्रस्ताव राख्ने संख्यामा छ भन्नेमा बढी रहेको पाइन्छ। छैन भन्नेमा उल्लेख नगर्ने र अन्यमा केही मात्रामा पाइयो भने कहिलेकाँही मात्र प्रस्ताव राख्ने छात्राहरू पनि थोरै मात्रामा रहेको छ।

**११. इकाइको बैठकमा कुनै विषयमा छलफल हुँदा छात्राको सुझाव लिने विवरण**

छात्राहरूको सुझाव लिने सम्बन्धमा सुझाव लिने गरेको छ भनेर उत्तर दिनेमा ४३ जना (७१.७%) रहेको छ। छैन भन्नेमा ६ जना (१०.० %) छ।कहिलेकाही भन्नेमा ७ जना (११.७%) र उल्लेख गर्न नचाहनेमा ४ जना (६.७%) गरी जम्मा ६० जना (१००%) रहेको पाइयो। यस तथ्य अनुसार बैठकमा विभिन्न विषयवस्तुमा छात्राहरूसँग छलफल गरी राय सुझाव लिने गरेको पाइन्छ।

**१२. इकाइमा छात्राहरूको प्रस्तावलाई छात्रहरूले छलफलको विषय बनाउने विवरण**

छात्राहरूको प्रस्तावलाई छलफलको विषय बनाउने सम्बन्ध छ भनेर उत्तर दिने मा ३८ जना (६३.३ %) रहेको छ र छैन भनेर उत्तर दिने मा ८ जना (१३.३ %) छ। कहिलेकाही भन्नेमा १० जना (१६.७%) र उल्लेख गर्न नचाहनेमा ४ जना (६.७%) गरी जम्मा ६० जना (१०० %) रहेको पाइयो। यस अनुसन्धान अनुसार क्याम्पस इकाइको बैठकमा छात्रहरूले छात्राहरूको प्रस्तावलाई छलफलको विषय बनाउने गरेको पाइयो।

**१३.इकाइको बैठकमा निर्णयको प्रकार**

इकाइको बैठकमा निर्णयको प्रकार सम्बन्धमा विश्लेषण गर्दा केन्द्रीकृत उत्तर दिनेमा ३८ जना (६३.३ %) विकेन्द्रीकृत भन्नेमा १६ जना (२६.७%) रहेको छ भने दुवै भन्नेमा १ जना (१.७%) र उल्लेख गर्न नचाहनेमा ५ जना (१.३ %) गरी जम्मा ६० जना (१००%) रहेको पाइयो। यस अनुसन्धानमा छात्राहरूको भनाई अनुसार इकाइको बैठकमा छात्रले छात्राको विषय माथि छलफल हुने गरे पनि निर्णय गर्दा इकाइका पदाधिकारीमा प्रायजसो अध्यक्षको निर्णयलाई आधार मान्ने गरेको पाइन्छ भनेर छात्राहरूले भनेका छन्।

**१४.इकाइको नीति निर्माण तहमा छात्राहरू पुग्ने विवरण**

विद्यार्थी राजनीतिको नीति निर्माण तहमा छात्राहरू पुग्न के गर्नुपर्ला भनेर प्रश्न सोधिएको थियो। जुन प्रश्नले छात्राहरूको सुझाव र नयाँ विषयहरूलाई बुझ्ने मद्दत गर्दछ।

**तालिका नंः २ः इकाइको नीति निर्माण तहमा छात्राहरू पुग्ने सम्बन्धमा**

| नीति निर्माण तहमा छात्राहरू | संख्या | प्रतिशत |
|---|---|---|
| राजनैतिक प्रशिक्षण | ३० | ५०.० |
| राजनैतिक जिम्मेवारी | १७ | २८.३ |
| राजनैतिक प्रशिक्षण र जिम्मेवारी | ४ | ६.७ |
| उल्लेख नगरेको | ९ | १५.० |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७८।

विद्यार्थी राजनीतिको नीति निर्माण तहमा पुग्ने छात्राहरूकोसम्बन्धमा विश्लेषण गर्दा राजनैतिक प्रशिक्षण भनेर उत्तर दिनेमा ३० जना (५०.० %) रहेको छ। राजनैतिक जिम्मेवारी भनेर उत्तर दिनेमा १७ जना (२८.३ %) छ भने दुवै राजनैतिक प्रशिक्षण र जिम्मेवारी दिनुपर्छ भन्नेमा ४ जना (६.७%) र उत्तर भन्न नचाहनेमा ९ जना (१५.० %) गरी जम्मा ६० जना (१०० %) रहेको पाइयो।

**१५.इकाइको नीति निर्माण कार्यमा छात्राहरूको पहुच पुग्न नसक्नुका कारणहरू**

छात्राहरूको भनाई अनुसार उत्तरलाई विश्लेषण गर्दा सबैभन्दा बढी बहुमत उत्तर आएकोमा प्राथमिकताका अनुसार राजनैतिक चेतनामा कमी हुनुमा ३३ जना (६८.८ %) रहेको छ। छात्र र छात्राको सहभागितामा समान नहुनुमा ३१ जना (६४.६ %) छ। छात्राहरूको प्रस्तावलाई वेवास्ता गर्नुमा १२ जना (२५.० %) छ भने छात्राहरूले राजनीतिमा कम इच्छा राख्नुमा १० जना (१९.२ %) गरी जम्मा ४८ जना (१०० %) रहेको पाइयो। जसमा १२ जना उत्तरदाताहरूले उत्तर भन्न नचाहेको देखिन्छ।

**१६. विद्यार्थी राजनीतिमा छात्रा सहभागिता बढाउने जिम्मेवारीका विवरण**

विद्यार्थी राजनीतिमा भएका छात्राहरूलाई विद्यार्थी राजनीतिमा छात्रा सहभागिता बढाउने जिम्मेवारी कसको हो भनी प्रश्न सोधिएको थियो। यस प्रश्नले छात्राहरूको वर्तमान धारणा सम्बन्धमा बुझ्न मद्दत गर्दछ।

**तालिका नं. ३ः विद्यार्थी राजनीतिमा छात्रा सहभागिता बढाउने जिम्मेवारीको विवरण**

| **सहभागिता बढाउने जिम्मेवारी** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| कानुन | १३ | २१.७ |
| मातृपार्टी | १२ | २०.० |
| संघ संगठन | २२ | ३६.७ |
| अन्य (महिला विभाग) | ७ | ११.७ |
| कानुन र मातृपार्टी | ३ | ५.० |
| मातृपार्टी र संघ संगठन | ३ | ५.० |
| जम्मा | ६० | १०० |

स्रोत ः स्थलगत सर्वेक्षण, २०७८।

विद्यार्थी राजनीतिमा छात्रा सहभागिता बढाउने जिम्मेवारीका सम्बन्धमा कानुन भनी उत्तर दिनेमा १३ जना (२१.७ %) रहेका छन्। मातृपार्टीमा १२ जना (२०.० ) संघ संगठनमा २२ जना (३६.७ %) रहेका छन् भने अन्यमा (महिला विभाग)७ जना (११.७ %) दुवै उत्तर दिने छात्राहरूमा कानुन र मातृपार्टी दुबै भन्नेमा ३ जना (५.० %) मातृपार्टी र संघ संगठनमा ३ जना (५.० %) गरी जम्मा ६० जना (१०० %) रहेका पाइन्छन्।

**निष्कर्ष**

विद्यार्थी राजनीतिमा छात्रा सहभागिताको अवस्था सम्बन्धी अध्ययन गर्दा निम्न बमोजिम तथ्यहरू पत्ता लगाएको छ। छनौट क्याम्पसका इकाइ समिति विवरणमा ने.वि.संघमा जम्मा ३९९ जनाको समितिमा छात्राहरू ५८ जना रहेको पाइयो। अनेरास्ववियूमा २९४ जनाको समितिमा छात्राहरू ७२ जना रहेको पाइयो। अखिल क्रान्तिकारीमा ४०७ जना समितिमा छात्राहरू ११५ जना रहेको पाइयो। सबै समिति जम्मा ११०० जनामा छात्राहरू २४४ जना न्यून सहभागितामा रहेको देखिन्छ। विद्यार्थी राजनीतिले क्याम्पस इकाई समितिमा छात्र र छात्राहरूको समान सहभागिता नहुनाका कारण छात्राले राजनीतिमा समय दिन नसक्नु, इच्छाशक्ति कम हुनु र पारिवारिक समर्थन नहुनु, समाजको सोचाइमा परिवर्तन नहुनु, इकाइमा समानजनक पद नदिनु, राजनैतिक जिम्मेवारी छात्रालाई नदिनु, छात्राहरूलाई छात्रसँग नाम जोडेर चरित्र हत्या गर्नु, छात्राहरूलाई राजनीतिमा सुरक्षा नहुनु छात्राहरूलाई कमजोर ठान्नु, राजनैतिक जिम्मेवारी नदिनु, आदि कारणले गर्दा छात्र र छात्रामा समानता देखिदैन। इकाइ

समितिमा छात्राहरूको प्रस्तावलाई हेलाको दृष्टिकोणले हेर्नु मान्यता नदिनु, वैठकमा छलफल गर्ने तर निर्णय गर्न नदिने केन्द्रिकृत अथवा अध्यक्षको निर्णय लागू गर्ने, छात्राहरूलाई जिम्मेवारी दिने तर त्यसको मूल्याङ्कन र हौसला संघ संगठनले दिन नसक्ने अवस्था इकाईमा देखिन्छ। पार्टी, राज्य र संघ संगठनको तर्फबाट नीति नियमको विधानलाई पूर्ण कार्यान्वयन गरी छात्राहरूलाई राजनीतिको हरेक निर्णायक तहमा पु¥याउन छात्रा स्वयमले एकताबद्ध एवम सुसंगठित भै आफ्नो कार्य दक्षतामा समत वृद्धि गरी अगाडि बढ्नुपर्ने जरुरी देखिन्छ। छात्र र छात्राको सहकार्यबाट मात्र संघ संगठन मजबुद बन्न सक्छ भन्ने कुरा हामी सबैले महसुस गर्न आवश्यक मानिन्छ।

**सन्दर्भ सामग्री**


अधिकारी, यशोदा (२०६६), **संसार हल्लाउने संघर्षशील महिलाहरू,** काठमाडौँ : ऐरावती प्रकाशन प्रा.लि. बागबजार।

अधिकारी, सूर्यमणि (१९९८), **नेपालको प्रजातान्त्रिक अभ्यास**, दिल्ली : निराला पब्लिकेशन।

के.सी., विजया (२०६९), **द्वारिका देवी ठकुरानी शक्ति**, जर्नल, वर्ष १, अङ्क १ (पृ. १०७–१०८) काठमाडौँ : विद्यार्थी संघ केन्द्रीय तदर्थ समिति।

कार्की, गोविन्दमान सिंह (२०६९), **योगमाया र नारिमुक्ति आन्दोलन शक्ति, अङ्क १, (पृ. ६४–७१),** काठमाडौँ : महिला संघ केन्द्रीय तदर्थ समिति।

कार्की, गोविन्दमान (२०७०), **नारी सङ्घर्षका पाइलाहरू,** अङ्क १, वर्ष १ (पृ. ५०–५६) काठमाडौं : नेपाल महिला संघ धापासी,।

नेपाल विद्यार्थी संघ (२०७२), **रुपान्तरण प्रशिक्षण पुस्तिका**, काठमाडौं : केन्द्रिय समिती पुतलीसडक।

पाण्डे, बद्री (२०६८),**लोकतान्त्रिक समाजवाद**,वर्ष १, अङ्क २ (पृ.३३–३५) कैलाली : अर्धवार्षिक मुखपत्र नेपाल विद्यार्थी संघ जिल्ला कार्यसमिति।

भट्टराई, विवश (२०४७), **नेपालमा विद्यार्थी राजनीति र नेपालमा विद्यार्थी संघ**, काठमाडौँ : विवश भट्टराई।

राई, माया (२०६१), **संक्रान्ति**, अङ्क ८ (पृ.७८), काठमाडौँ : नेपाल विद्यार्थी संघ केन्द्रीय समितिको मुखपत्र पुतलीसडक।

सापकोटा, रविन्द्र (२०६५), **राजनीतिमा महिला सहभागिता**, अप्रकाशित शोधपत्र, काठमाडौं : राजनीति शास्त्र केन्द्रिय विभाग, कीर्तिपुर।

Eakin, Terry (1972), **Clay Students And Politics**, New Delhi : Abhinar Publications.